(१३) २३ नम्बरमा रहेको "बीस रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(१४) २४ नम्बरमा रहेको "पचास रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दुई सय पचास रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

१५. मूल ऐन बिहाबरीको महलमा संशोधन: मूल ऐन बिहाबरीको महलको ६ नम्बरको देहायमा रहेको "स्वास्नी महारोगी भएमा ............ १" भन्ने शब्दहरू झिकिएका छन् ।

लालमोहर सदर मिति:– २०४३।७।२४।२

आज्ञाले,
ध्रुवबरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरबमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# न्याय प्रशासन सुधार ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: न्याय प्रशासन सुधार ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा ३ मा संशोधन: न्याय प्रशासन सुधार ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:-

"(३) जिल्ला अदालत र अंचल अदालतमा आवश्यक संख्यामा न्यायाधीशहरू रहनेछन् । अंचल अदालतमा र एक भन्दा बढी न्यायाधीश भएको जिल्ला अदालतमा मुख्य भई काम गर्न प्रधान न्यायाधीशले सम्बन्धित अदालतको कुनै न्यायाधीशलाई तोक्न सक्नेछ ।"

३. मूल ऐनको दफा ५ मा संशोधन: मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ:-

"५. अदालतको अधिकारक्षेत्रको प्रयोग: (१) एक भन्दा बढी न्यायाधीश रहेको जिल्ला अदालतमा प्रत्येक न्यायाधीशले आफू समक्ष पेश भएको मुद्दामा भिन्ना भिन्नै सो अदालतको अधिकारको प्रयोग गर्नेछ ।

(२) अंचल अदालतमा देहायका मुद्दाहरू दुई जना न्यायाधीशहरूको संयुक्त इजलासबाट हेरिनेछ र सो बाहेक अरू काम कारवाई एक न्यायाधीशको ईजलासबाट हुनेछ:-

(क) पुनरावेदन,

(ख) साधक,



८३८ २८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।